# प्रदेश लोक सेवा आयोग

कोशी प्रदेश, विराटनगर, नेपाल

सूचना नं. ५१/२०८१-०८२

मितिः- २०८१/६/१०

**सूचना**

स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २८ मा "*यस ऐनको दफा ८ को उपदफा (१) बमोजिम कार्यक्षमताको मूल्याङ्कन तथा जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा बढुवा हुने पदहरुमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सम्बन्धित सेवा समूह वा उपसमूहको पदमा बढुवा हुन सम्भाव्य उम्मेदवार हुने तल्लो पदमा सेवाकालीन तालिम लिएका र पछिल्लो तीन बर्षको कार्य सम्पादन मूल्याङ्कनमा औसतमा कम्तिमा ९० प्रतिशत अंक प्राप्त गरेका र विज्ञापन हुँदा दरखास्त दिने अन्तिम मितिसम्ममा सोही दफामा तोकिएको न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता पुगेको हुनु पर्नेछ*" भन्ने व्यवस्था भएको हुँदा आयोगको सूचना नं. २७/२०८१-०८२ र २८/२०८१-०८२, मिति २०८१/५/३१ गतेको सूचना बमोजिमको बढुवा सूचनामा उल्लेख भएका शर्तहरु पुरा नभएका आवेदनहरु दर्ता गर्न नमिल्ने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

(तीर्थराज पोखरेल)
सहायक कम्प्यूटर अधिकृत

(केदारनाथ रिजाल)
शाखा अधिकृत

२०८१।६।१०
(प्रकाश गुरुङ्ग)
उपसचिव